# सर्वोच्च अदालत, संयुक्त इजलास
## माननीय न्यायाधीश श्री कुमार रेग्मी
## माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
## आदेश
### ०८१-WH-००३५

विषयः बन्दीप्रत्यक्षीकरण।

| | |
|---|---|
| किल्लाराम पुर्कुटीको नाती सिद्ध बहादुर पुर्कुटीको छोरा काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ८ भंगाल बस्ने हाल कारागार कार्यालय जगन्नाथदेवलमा कैदमा रहेका राजकुमार पुर्कुटी ---------------------------१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| काठमाण्डौं जिल्ला अदालत---------------------------------------------१<br>महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं ----------------------------------१<br>कृष्ण गुरुडको नाती, शेरबहादुर गुरुडको छोरा जिल्ला पर्सा बिरगंज म.न.पा. वडा नं. ०२ बस्ने विशाल गुरुड -------------------------------------------१ | विपक्षी |

नेपालको संविधानको धारा १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

१. विशाल गुरुडको जाहेरीले वादी नेपाल सरकार र म निवेदक प्रतिवादी भएको सम्वत् २०७६ सालको मुद्दा नं. २०११५७५ को वैदेशिक रोजगार, कसुर मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७६।०८।२४ गतेको फैसलाले मलाई १।६।० (एक बर्ष छ महिना) कैद र रु.१,५०,०००/- जरिवाना ठहरेको रहेछ। म निवेदक शुरु अनुसन्धानको क्रममा १७ दिन थुनामा रही थुनछेक आदेशमा माग भए अनुसारको रु.१,५०,०००/- धरौटी रकम दाखिला गरी मुद्दा पुर्पक्ष भएको र वैदेशिक रोजगार न्यायाकिरणबाट मिति २०७६।०८।२४ मा फैसला भएको थियो। वैदेशिक रोजगार न्यायाकिरणबाट उक्त मुद्दामा फैसला भएको भनी मिति २०७७।१२।२७ गते पुनरावेदनको म्याद प्राप्त गरे पनि फैसला कार्यान्वयनको क्रममा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ अनुसार मिलापत्र गर्न पाईन्छ भन्ने पुनरावेदनको म्याद प्राप्त गरे पनि यस अदालतमा पुनरावेदन दर्ता

नगरिं फैसला कार्यान्वयनका लागि वादी जाहेरवालाले दर्ता गर्ने निवेदन कुरेर बसेको थिएं। फैसला कार्यान्वयनको कारवाहीका क्रममा काठमाण्डौं जिल्ला अदालतको तहसिल फाँटमा हामी प्रस्तुत मुद्धाका वादी र प्रतिवादीलाई मिलापत्र गराई कानून बमोजिम मिलापत्र भएपछि हुने कैद, जरिवाना लगायत छुट गरिपाऊँ भनी निवेदन दिएकामा तहसिल फाँटले उल्लेखित निवेदन लिन अस्विकार गरेका कारण प्रस्तुत मुद्धा हामी वादी र प्रतिवादी बिच मिलापत्र भई वादीले फैसला बमोजिमको विगो पाउने र मैले मिलापत्रबाट कैद र जरिवाना छुट पाउने अवस्था बन्न सकेन यसरी काठमाण्डौं जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ मा रहेको कानूनी व्यवस्थाको प्रयोग गरी मिलापत्र गराउन ईन्कार गरेका कारण वादीले विगो प्राप्त गर्ने अवस्था बन्न सकेन।

काठमाण्डौं जिल्ला अदालतबाट कानूनमा भएको व्यवस्थाको प्रयोग गर्न ईन्कार गरे पछि नेपालको संविधानमा रहेको कानूनी सर्वोच्चता र कानूनी शासन व्यवस्थाको प्रयोग म जस्ता आर्थिक कमजोर भएकाको हकमा लागु हुँदैन भन्ने ठानी वादीको विगो बुझाउन ऋण सापटी लिन लाग्दा वादीले विगो वापत कैद माग गरी निवेदन दिएका रहेछन र काठमाण्डौं जिल्ला अदालतबाट मिति २०८०।१०।०५ गते विगो वापत मलाई १ महिना कैद सजाय हुने भनी आदेश भएको रहेछ। यसरी वादीको विगो रकम जोहो गरी फिर्ता गर्न लाग्दा बेरुजु कैद भुक्तानका लागि भनी प्रहरी प्रभाग बुढानिलकण्ठले मिति २०८०।११।१० गते पक्राउ गरी मलाई मिति २०८०।११।११ गते काठमाण्डौं जिल्ला अदालतमा पेश गरी काठमाण्डौं जिल्ला अदालतले ठहरेको जरिवाना वापतको रकम मैले वैदेशिक रोजगार न्यायाधिकरणमा र.नं. १५१ बाट मिति २०७६।०३।३१ मा राखेको धरौटी रु. १,५०,०००।- बाट कट्टा गरी राजश्व सदरस्याहा गर्ने र बेरुजु बाँकी कैद १।५।१३ र विगो वापतको कैद १ महिना थप गरी कैद ठेकी कारागार कार्यालय जगन्नाथदेवल, काठमाण्डौंमा पठाएको छ ।

फौजदारी कसुर तथा सजाय निर्धारण ऐन, २०७४ को दफा ३६ मा विभिन्न कसूर बापत भएको कैद सजायको कार्यान्वयन सम्बन्धि व्यवस्था रहेको र ऐ. दफा ३६ को उपदफा १ (क) मा पहिले भएको फैसला बमोजिमको कैदको सजायको अवधि अघिल्लो फैसला बमोजिमको कैदको सजायको अवधि भन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नु पर्दछ भन्ने व्यवस्था रहेको छ। काठमाण्डौं जिल्ला अदालतले कैद ठेकी पठाउँदा विगो वापतको १ महिनाको कैद वैदेशिक रोजगार न्यायाधिरणले फैसलामा ठहर गरेको कैद भुक्तान हुँदा कट्टा हुने गरी कैद ठेकी पठाउनु पर्नेमा सो कैद भुक्तान पछि थप कैदमा बस्नु

पर्ने गरी कैद ठेकी पठाएको र उल्लेखित काठमाण्डौं जिल्ला अदालतको आदेश फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा १ (क) विपरीत भएकाले म निवेदक सो आदेशका कारण १ महिना बढि गैर कानूनी थुना रहन पर्ने निश्चित देखिएकाले सो गैरकानूनी कैद ठेकी पठाएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेशले कारागारबाट मुक्त गरी पाउँ। साथै काठमाण्डौ जिल्ला अदालतको मिति २०८०।११।११ गतेको लगत नं. ३७२३७ कैद ढडा नं. ८२१ च.नं. २०५१ को पत्र र कैद ठेकी पठाउने आदेश उत्प्रेषणको आदेशले बदर गरी फैसला कार्यान्यवयनको चरणमा समेत मिलापत्र गरि मुद्धा पुर्पक्ष गर्न पाउने गरी परमादेश जारी गरि पाउँ भन्नेसमेत बेहोराको **रिट निवेदक राजकुमार पुर्कुटीले यस अदालतमा पेस गरेको निवेदन।**

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिव आधार, कारण र प्रमाण भए सो सकेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ३(तीन) दिनभित्र प्रत्यर्थी नं. १ र २ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रतयर्थी नं ३ ले आफै वा कानून वमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ् पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना जारी गरी म्याद भित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। साथै सम्वत २०७६ सालको मु.नं. २१०।५७५ को मिसिल वैदेशिक रोजगार न्यायाधिकारणबाट झिकाई साथै राखु भन्ने **मिति २०८१।०४।३० को यस अदालतको आदेश।**

३. विपक्षी रिट निवेदनमा उल्लेख गर्नु भए अनुसार मलाई विपक्षीले तिर्नु बुझाउनु पर्ने रकम समयमा नतिर्नु नबुझाउनु भएको कारणले गर्दा तत्कालीन अवस्थामा मुद्दा चल्दा चल्दैको अवस्थामा मिलापत्र हुनुपर्नेमा विपक्षीले मलाई तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नसकी अन्तिम भएको फैसला कार्यान्वयन गरी पाउँ भन्ने मेरो माग दावी भएको र विपक्षीले समयमा रकम जम्मा गर्न नसक्नु भएको कारणले गर्दा मिलापत्र हुन नसक्ने सम्म हो मैले विपक्षीको अहित हुने कुनै कार्य नगरेको अवस्थामा मलाई समेत विपक्षी बनाई प्रस्तुत रिट निवेदन दर्ता हुनु पर्ने अवस्था होईन। विपक्षीको रिट निवेदनमा जे जस्तोसुकै व्यहोराहरु उल्लेख गर्नु भएतापनि मलाई विपक्षीले तिर्नु बुझाउनु पर्ने रकम फैसला अनुसार अन्तिम रहेको फैसलाबाट प्राप्त गर्नु पर्ने रकम मैले पाएमा जुनसुकै अवस्था र स्थितीमा पनि मुद्दामा जाहेरवालाको हैसियतले पुरा गर्नु पर्ने दायित्व पुरा गर्न तत्पर रहेको हुँदा मेरो उपरमा दायर भएको रिट निवेदन जारी

हुन सक्ने अवस्था छैन। विपक्षी कै कारणले गर्दा मिलापत्र हुन नसकेको र विपक्षीले समयमा मलाई तिर्नु बुझाउनु पर्ने रकम समयमा नतिरी नबुझाई आफैले ढिला सुस्ती गर्नु भएको कारणले गर्दा मात्र समय व्यतीत हुन गएको र मैले संविधान विरुद्धको कुनै पनि कार्यहरु मबाट नभए नगरेको अवस्थामा मेरो विरुद्ध प्रस्तुत रिट दायर गर्न पाउने अधिकार विपक्षीलाई छैन। मेरो जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विपक्षी भएको वैदेशिक रोजगार मुद्दामा अन्तिम भएको फैसलामा विपक्षीले मलाई तिर्नु बुझाउनु पर्ने रकम तिर्नु बुझाउनु भएमा प्रस्तुत मुद्दामा आफुले पाउने रकम बुझीलिई जाहेरवालको तर्फबाट कानुनले सहयोग गर्न मिल्ने जती सम्पुर्ण सहयोग गर्न तयार भएको हुँदा मेरो उपर दायर हुन आएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको

**विपक्षी विशाल गुरुङको लिखित जवाफ।**

४. विशाल गुरुङको जाहेरीले बादी नेपाल सरकार र प्रतिवादी रिट निवेदक भएको वैदेशिक रोजगार कसूर वैदेशिक रोजगार न्यायाधीकरणबाट मिति २०७६।०८।२४ मा रिट निवेदकलाई १ वर्ष ६ महिना कैद र रु.१,५०,०००/- जरिवाना हुने ठहरी भएको फैसला उपर रिट निवेदकले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६(२) बमोजिमको म्याद भित्र पुनरावेदकीय प्रकृया नअपनाई उक्त फैसला अन्तिम भएको तथ्य रिट निवेदनकले नै स्वीकार गरेको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणको उक्त फैसला कार्यान्वयन गरी रिट निवदेकलाई काठमाडौं जिल्ला अदालतबाट उक्त फैसला अनुसार नै कैद ठेकी पठाएको कार्य कानून सम्मत हुँदा विपक्षीको रिट निवेदन प्रथम दृष्टिमानै खारेज भागी छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ (२) बमोजिम मिलापत्र गराई पाउँ भनी मुद्दा विचाराधीन रहेको अवस्थामा मुद्दाका प्रतिवादी र पीडित दुवैले सरकारी वकील समक्ष निवेदन दिनुपर्नेमा सो बमोजिम निवेदन दिएको नदेखिंदा मिलापत्रको सम्भावना नै नरहेको स्थितिमा वैदेशिक रोजगार न्यायाधीकरणबाट भएको फैसला अन्तिम भई सो फैसला कार्यान्वयन गरी फैसला अनुसार कैद ठेकी पठाएको काठमाडौं जिल्ला अदालतको कार्यलाई गैर कानूनी भन्न नमिल्ने हुँदा निवेदकको माग बमोजिम रिट जारी हुनु पर्ने होइन रिट निवेदन खारेज गरी पाउँ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५(९) बमोजिम व्यक्ति विशेषको विगोको हकमा २ वर्ष सम्म कैद गर्न सकिने कानूनी व्यवस्था रहेको हुँदा विगो नबुझाए बापत विगोको हकमा हुने कैद र मुद्दा फैसला हुँदा कसूर ठहर भई कसूर गरेबापत भएको कैद अलग अलग प्रकृतिका विषय भएकोले विगोको हकमा भएको कैद थप गरी कैद ठेक्न मिल्दैन भन्ने रिट निवेदकको जिकिर उक्त दफा १६५।९) को कसूरी व्यवस्था विपरित

हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको महान्यायाधिवक्ताको कार्यालयको लिखित जवाफ।

फैसला बमोजिम विगो भरी पाउँ भनी वादी विशाल गुरुङले यस अदालतमा मिति २०७९।०८।२३ मा निवेदन दिएकोमा प्रतिवादी राजकुमार पुर्कुटीको नाउँमा म्याद जारी गरी तामेल भई आएपश्चात निज अदालत समक्ष उपस्थित नभएको हुँदा वादीले प्रतिवादीलाई पक्राउ पुर्जी जारी गरी विगो वापत थुनामा राखी पाउँ भनि निवेदन दिएकोमा मिति २०८०।०३।२९ मा कानून बमोजिम सिधा खर्च वादीबाट दाखिला गराई प्रतिवादीको नाउँमा सात दिने म्याद जारी गरी हाजिर भए वा अवधि व्यतित भए पश्चात नियमानसार थुनामा राख्नु भन्ने आदेश भएकोमा निज उक्त म्यदामा सकेत उपस्थित नभएको हुँदा यस अदालतबाट च.नं. ०८०-३९-०३०३००मिति २०८०।१०।०७ मा प्रतिवादी राजकुमार पुर्कुटीको नाउँमा पक्राउ पुर्जी जारी भएको र निजले म्याद गुजारी विगव दाखिल गर्न ल्याएको नदेखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५(८) बमोजिम १ महिना कैद गर्नु भन्ने बेहोरा खुलाई मिसिलबाट देखिएको र यस अदालतबाट भएका काम कार्वाही फैसला तथा कानून वमोजिम नै भएको हुँदा निवेदने माग बमोजिमको रिट जारी हुनुनपर्ने नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

## यस अदालतको आदेश

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो ।

निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री शुशिल खनालले मेरो पक्षलाई वैदेशिक रोजगार सम्वन्धी कसूर मुद्दामा फैसला कार्यान्यवन भनी मुलुकी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) को कानूनी व्यवस्था विपरित काठमाडौं जिल्ला अदालतको आदेशका कारण १ महिना वढी कैद राख्नु भनी भएको आदेश गैरकानूनी रुपमा थुनामा राखिएको छ। मेरो पक्षलाई गैर कानूनी रुपमा राखिएको थुनाबाट बन्दीप्रत्यक्षीकरणको आदेशले मुक्त गरी मुलुकी फौजदारी संहिता, २०७४ को दफा ११७ मा रहेको मिलापत्र हुन सक्ने भन्ने कानूनी व्यवस्था अनुसार फैसला कार्यान्यनको क्रममा पनि मिलापत्र सकिने अवस्था हुँदा वादी प्रतिवादीलाई मिलापत्र गर्ने मौका प्रदान गर्ने गरी परमादेशको आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

८. विपक्षी सरकारी निकायहरुको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री युवराज महत तथा विपक्षी विशाल गुरुङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नरेन्द्र भट्टले यी रिट निवेदन उपर विशाल गुरुङको जाहेरीले बादी नेपाल सरकार र प्रतिवादी रिट निवेदक भएको वैदेशिक रोजगार कसूर मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको अन्तिम फैसला कार्यान्वयनका क्रममा रिट निवेदकलाई थुनामा राखिएकाले हुँदा उक्त थुना गैरकानूनी छैन। कानूनी थुनामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो।

९. यसमा मुलुकी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) को कानूनी व्यवस्था विपरीत हुने गरी गैर कानूनी रुपमा थुनामा राखिएकाले निवेदकलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरी पाउनका साथै फैसला कार्यान्यवयनको चरणमा समेत मिलापत्र गर्न पाउने गरी परमादेश जारी गरी पाउँ भन्ने निवेदन र निवेदकलाई गैर कानूनी थुनामा राखिएको नभई फैसला कार्यान्वयनका लगि थुना राखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ रहेको देखियो र उपरोक्त तथ्यगत अवस्था एवम् बहस जिकीर रहेको प्रस्तुत मुद्दामा देहायको प्रश्नमा केन्द्रित रही निर्णय गर्नुपर्ने देखियो:-

**क. निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था छ वा छैन ?**

**ख. मिलापत्र हुन सक्ने फौजदारी मुद्दामा फैसला कार्यान्वयनको चरणमा मिलापत्र हुन सक्छ वा सक्दैन ?**

१०. पहिलो प्रश्न अर्थात **निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था छ वा छैन?** भन्ने सम्बन्धमा विचार गर्दा, वादी र प्रतिवादीलाई मिलापत्रको मौका प्रदान गरी मिलापत्र हुन नसके मात्र बेरुजु कैद र विगो वापत कैद ठेकी पठाउनु पर्नेमा सो नगरी मिति २०८०।११।१ गते बेरुजु बाँकी कैद १।५।१३ र विगो वापतको कैद १ महिना थप गरी कैद ठेकी कारागार कार्यालय जगन्नाथदेवल, काठमाण्डौलाई लेखेको पत्रका कारण म गैरकानूनी थुनामा रहनु परेकाले मलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी प्रत्यर्थीका नाममा बन्दिप्रत्यक्षीकरण लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ भन्ने प्रस्तुत निवेदनको मुख्य दावी रहेको देखिन्छ। निजलाई के कसरी थुनामा राख्न पठाइएको रहेछ भनी हेर्दा, निवेदकउपर वैदेशिक रोजगार मुद्दामा भएको फैसला अन्तिम फैसला कार्यान्यनको क्रममा

सर्वोच्च अदालत
काठमाडौं



थुनामा रहेको देखिन्छ। यी निवेदकलाई फैसला कार्यान्वयनका सन्दर्भमा थुनामा पठाएको कुरामा कुनै विवाद देखिएन।

११. अब, बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने पूर्वावस्थाको विद्यमानता सम्बन्धमा हेर्दा, बन्दी प्रत्यक्षीकरणको आदेशको उद्देश्य भनेको कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा गैर कानूनी हस्तक्षेप नहोस भन्ने नै हो। बन्दीप्रत्यक्षीकरणको रिट कुनै पनि व्यक्तिलाई गैरकानूनी तवरबाट थुनामा राखेको कारण निजको वैयक्तिक स्वतन्त्रता एवं कानूनी हक अधिकारमा आघात परेको अवस्थामा जारी हुने आदेश हो। कुनै पनि व्यक्तिलाई राखिएको थुनाको वैधताको परीक्षण गरी गैह्रकानूनी रुपमा थुनामा राखिएको अवस्थामा यो आदेश जारी गरी बन्दीलाई थुनामुक्त गरिन्छ। अधिकार नै नभएको निकायबाट थुनामा राखिएको वा प्रचलित कानून विपरित थुनामा राखिएको वा थुनामा राख्नुपर्ने कानून बमोजिमको कारण नदेखिएमा[1], प्रवृत्त धारणा बनाई वा बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको[2], पक्राउ गर्नु पर्ने कारणको सूचना तथा जानकारी नै नदिई थुनामा राखेको, प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लङ्घनलगायत कानूनले अनिवार्य गरेको प्रक्रियाहरू स्पष्ट उल्लङ्घन गरी थुनामा राखिएको, अख्तियारवालाबाहेक अरूबाट भएको काम कारबाही तथा आदेशले अनधिकृत तवरबाट थुनामा राखिएको वा स्वच्छ सुनुवाइ बेगर वा अभियोग नलगाई थुनामा राखिएको देखिएमा अथवा यस्तै प्रकारबाट कानून प्रतिकूल थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने हुन्छ। जुन अवस्थाहरुको विद्यमानताहरु भएमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी संविधानद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रताको हक प्रचलन र संरक्षण गर्ने अभिभारा यस अदालतले निर्वहन गर्दछ। तर, उल्लिखित अवस्थाहरूको विद्यमानता नभएमा बन्दिप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन। सक्षम अदालतबाट प्रचलित कानून बमोजिम प्रमाणको मूल्याङ्कन गरी भएको फैसला अनुसारको सजायको कार्यान्वयनको क्रममा थुनामा राखिएको विषयमा प्रत्यक्ष रुपमा उल्लिखित अवस्था नदेखिएसम्म बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने हुँदैन ।

१२. प्रस्तुत विवादमा रिट निवेदक राजकुमार पुर्कुटी विरुद्ध जाहेरवाला विशाल गुरुङको जाहेरी परी वैदेशिक रोजगार कसूर मुद्दाको अनुसन्धान तथा अभियोजन पश्चात वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७६।०८।२४ मा फैसला हुँदा निजलाई एक वर्ष छ महिना कैद र एकलाख पचास हजार रुपैया जरिवाना हुने ठहरी फैसला भएको रहेछ। उक्त फैसलाको पुनरावेदन गर्ने म्याद मिति २०७७।१२।२७ मा निजले बुझेकोमा सो म्यादमा पुनरावेदन

[1] ने.का.प. २०४९, नि.नं. ४५५०
[2] ने.का.प. २०५१, नि.नं. ५०००

नगरी वसेको भन्ने तथ्यमा विवाद रहेको देखिदैन। यसरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७६।०८।२४ मा भएको फैसला अन्तिम भई कार्यान्यनको क्रममा थुनामा राख्न पठाएको अवस्था देखिएकाले निवेदकलाई गैर कानूनी रुपमा थुनामा राखेको भन्न मिलेन ।

१३. जहाँसम्म विगो दाखिल गर्न ल्याएको नदेखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५(८) बमोजिम थप १ महिना कैद राख्ने गरी जारी कैदीपूर्जि गैर कानूनी रहेको भन्ने निवेदन जिकिर छ, मुलुकी कार्यविधि संहिता, २०७४ कोदफा १६५(८) मा रहेको कानूनी व्यवस्था हेर्दा अदालतको फैसला बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने ठहरेको निज़ी विगो वा कुनै रकम नबुझाएमा असुर उपर हुन नसकेको बाँकी विगो असुल उपर हुन नसकेमा रकम भराई पाउनु पर्ने व्यक्तिले कैद गराउन निवेदन दिएमा अदालतले एक दिनको तीन सय रुपैयाको दरले त्यसरी बाँकी हुन आएको विगो वा रकमलाई कैदमा परिणत गरी विगो वा रकम भर्नुपर्ने व्यक्तिलाई कैद गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसै कानूनी व्यवस्था अनुसार बिगो नतिरेबापत कैदमा राखेको कुरामा पनि कुनै कानूनी त्रुटि देखिएको छैन। यसैले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था र आधारहरुको विधमानता देखिन आएन ।

१४. अब दोस्रो प्रश्न अर्थात **मिलापत्र हुन सक्ने फौजदारी मुद्दामा फैसला कार्यान्वयनको चरणमा मिलापत्र हुन सक्छ वा सक्दैन?** भन्ने सम्बन्धमा हेर्दा, रिट निवेदकले लिएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ बमोजिम फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न पाउनु पर्ने भएकाले सो सम्बन्धमा परमादेश जारी गरी पाउँ भन्ने पनि निवेदन जिकिर लिएको देखियो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा "**सर्वसाधारणको ठगी, अनुचित लेनदेन वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्वन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी सम्वन्धित सरकारी वकिल समक्ष दिएको निवेदन उपर कारवाही हुँदा त्यस्तो बेहोरा मनासिब लागेमा महान्यायधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ।**" भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दा वैदेशिक रोजगारको मुद्दा भएकाले सरकार वादी हुने मुद्दा भएपनि महान्यायाधिवक्ताले मिलापत्र गर्ने गरी निर्णय गरेमा मिलापत्र हुन सक्ने प्रकृतिको देखिन्छ। यस्तो मिलापत्र हुन सक्ने प्रकृतिको मुद्दामा मुद्दा कुनै तहमा चलिरहेको अवस्थामा मात्र होइन फैसला कार्यान्वयनको तहमा पनि मिलापत्र हुन सक्ने नै हुन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (१) मा रहेको कानूनी व्यवस्थाले अनुसुचि-३ र

अनुसुचि-४ अन्तर्गतका कसूर सम्वन्धी मुद्दामा मुद्दाका पक्षहरुले जुनसुकै अवस्थामा पनि मिलापत्र गर्न सक्ने भन्ने व्यवस्था रहेको र ऐ. दफा ११७(२) बमोजिम ती अनुसुचि-३ र अनुसुचि-४ अन्तर्गतका कसूर सम्वन्धी मुद्दाका अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मिलापत्र गर्न सकिने कानूनी व्यवस्था रहेको देखिएकाले मिलापत्र हुन सक्ने प्रकृतिका यस्ता मुद्दा जुनसुकै अवस्थामा मिलापत्र गर्न सक्ने भन्ने नै विधायिकी मनसाय रहेको देखिन्छ। यस कानूनी व्यवस्थामा फैसला कार्यान्वयनका चरणमा मिलापत्र हुन नसक्ने भनी निषेधात्मक ब्यवस्था गरेको पनि देखिंदैन। उल्लिखित कानूनी व्यवस्थाको सापेक्षतामा मिलापत्र हुन सक्ने प्रकृतिका पीडितको सम्पत्ति वा बिगो हानी, नोक्सानी भएको मुद्दामा पीडित पक्ष र प्रतिवादी बिच मिलापत्र गर्न चाहेमा फैंसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गराउनु कानून र न्याय दुवै दृष्टिकोणले श्रेयस्कर र युक्तियुक्त हुन्छ ।

१५. उल्लिखित दफा ११७ (२) मा रहेको सर्वसाधारणको ठगी, अनुचित लेनदेन वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारीसम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराइपाउँ भनी सम्बन्धित सरकारी वकिलसमक्ष दिएको निवेदनउपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने भन्ने व्यवस्थाबाट यस सम्वन्धमा आदेश दिने कुरा महान्यायाधिवक्ताले प्रत्येक मुद्दाका सम्बन्धमा निर्णय गर्ने विषय देखियो। निश्चयनै कुनै मुद्दामा मिलापत्र गर्न आदेश दिने वा नदिने निर्णय गर्ने महान्यायाधिवक्ताको अधिकार क्षेत्रको विषय भए पनि फैसला कार्यान्वयनका चरणमा समेत मिलापत्र हुन सक्ने प्रकृतिका ऐ. दफा ११७ (२) बमोजिमका मुद्दामा पीडित र प्रतिवादीले मिलापत्रको निवेदन दिएमा मिलापत्र गर्ने नगर्ने सम्बन्धमा निर्णय वा आदेश हुँदा उक्त आदेश न्यायिक र कानूनसम्मत हुने देखिन्छ। साथै महान्यायाधिवक्ता वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारीबाट त्यसरी निर्णय भई मिलापत्रका लागि आएमा अदालतबाट पनि फैसला कार्यान्वयनको चरणमा पनि मिलापत्र गराउन सकिने नै हुन्छ। प्रस्तुत मुद्दामा इजलास समक्ष बहस प्रस्तुत गर्नु हुने प्रतिवादी तथा प्रत्यर्थी जाहेरवालाका कानून व्यवसायीले पीडित तथा प्रतिवादी मिलापत्र गर्न तयार रहेको भनी बहसमा जिकिर लिनु भएको छ। यस अवस्थामा निजहरुलाई फैसला कार्यान्वयनको चरणमा पनि मिलापत्र गर्ने अवसर प्रदान गर्न उपयुक्त हुने देखियो ।

१६. माथिल्ला प्रकरणमा विश्लेषण गरिए अनुसार निवेदकलाई सक्षम अदालतबाट प्रचलित कानूनबमोजिम भएको फैसलाले लागेको सजाय कार्यान्वयनका लागि थुनामा राखेको देखिएको र त्यसरी थुनामा राख्ने कार्य गर्दा कुनै कानूनी त्रुटि रहेको नदेखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्क्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन। पीडित र प्रतिवादी पक्ष फैसला कार्यान्वयनका चरणमा मिलापत्र गर्न इच्छुक रहेको देखिएकाले निजहरु आएमा सो सम्बन्धमा आवश्यक प्रकृया अघि बढाउनु भनी परमादेशको आदेश दिन उपयुक्त हुने देखियो।

१७. तसर्थ, प्रस्तुत रिट निवेदनमा निवेदकलाई गैरकानूनी तवरबाट थुनामा राखेको नभई फैसला कार्यान्वयनको सिलसिलामा अदालतबाट भएको आदेश बमोजिम निजको नाउँमा कायम भएको बेरुजु कैद भुक्तानको लागि थुनामा राखेको देखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन। अपितु, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ (२) बमोजिमका मुद्दामा पीडित र प्रतिवादी बिच जुनसुकै अवस्थामा मिलापत्र हुन सक्ने भएकाले फैसला कार्यान्यनको चरणमासमेत मिलापत्र गर्न पाउँ भनी निजहरुको संयुक्त निवेदन परेमा तत् समबन्धमा प्रचलित कानूनबमोजिम आवश्यक प्रकृया अबलम्बन गरी निर्णय गर्नु भनी विपक्षी महान्याधिवक्ताको कार्यालयका नाउँमा र महान्यायाधिवक्ताको कार्यालय वा निजबाट अधिकार प्रत्यायोजन भएको अधिकारीबाट तदनुरुप निवेदन परेमा फैसला कार्यान्वयनका चरणमा पनि प्रचलित कानूनबमोजिम मिलापत्र सम्बन्धी कार्यविधि अवलम्बन गर्नु भनी काठमाण्डौ जिल्ला अदालतका नाउँमा परमादेश जारी हुने ठहर्छ।

१८. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयका साथै अन्य विपक्षीहरूलाई दिनू। निवेदनको दायरीको लगत कट्टा गरी आदेशको विद्युतियप्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त आदेशमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः देवेन्द्र पौडेल

इति संवत् २०८१ साल भाद्र महिना ३१ गते रोज २ शुभम् ......................।